बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

(कार्यक्षेत्र: सिन्धुली र रामेछाप)

सिन्धुली, नेपाल

आ.व.:२०८२/८३

सूचना नं.:

मिति: २०८३/०३/११

## बर्ड फ्लू रोग सम्बन्धी अत्यन्त जरुरी सूचना !

हाल नेपालका विभिन्न जिल्लाहरूमा बर्ड फ्लू रोग पुष्टि भएको छ। यस जिल्लाको कार्यक्षेत्र सिन्धुली र रामेछाप जिल्लाका छिमेकी जिल्लाहरुमा समेत बर्ड फ्लू रोगको संक्रमण देखिएको तथा संक्रमण फैलिने जोखिम उच्च रहेको सन्दर्भमा रोग नियन्त्रण तथा रोकथामका लागि सम्पूर्ण कृषक, व्यवसायी तथा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तथा प्रचलित कानूनी व्यवस्था बमोजिम पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थको अन्तर-जिल्ला ओसारपसार गर्दा दर्तावाल पशु चिकित्सकद्वारा जारी गरिएको पशु स्वास्थ्य प्रमाण पत्र तथा पशु ढुवानी अनुगमन फाराम अनिवार्य हुनुपर्ने व्यवस्था रहेको छ।

यस कार्यालयलाई प्राप्त सूचना अनुसार केही व्यक्तिहरूले साइकल/मोटरसाइकल अन्य साधनमार्फत टोकरीमा राखी अज्ञात स्रोतबाट पन्छीहरू अवैध रूपमा बिक्री-वितरण गरिरहेको पाइएकाले त्यसरी स्रोत नखुलेका तथा पशु स्वास्थ्य प्रमाण पत्र बिना ओसारपसार गरिएका पन्छी खरिद-बिक्री नगर्न/नगराउनुहुन अनुरोध गरिन्छ। साथै, यस प्रकारका कार्यहरू गरेको पाइएमा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तथा प्रचलित कानून बमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

रोगग्रस्त वा शंकास्पद पन्छी देखिएमा तत्काल सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा वा पशु सेवा कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ।

"बर्ड फ्लू रोगको संक्रमण नियन्त्रणमा सबै सरोकारवालाहरूको सक्रिय सहयोगको अपेक्षा गर्दछौं।"

३/११

डा. ध्रुब डि.सी.
वरिष्ठ पशु विकास अधिकृत
(नवौं तह)